# सुनवल नगरपालिकाको पाँच वर्षे दीर्घकालिन सोच
(आ.व. २०७९/८०–२०८३/८४)

**संकल्प : समृद्ध नगर, सुखी नगरबासी**

**दुरदृष्टी : समाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता**

**सपना : नारीको नेतृत्व, सामाजिक सद्भाव सहित समृद्ध सुनवलको जोगाउ अस्तित्व**

**क) परिचय/पृष्ठभूमि :**

यस नगरपालिकाको नाम सुनवल नै किन रह्यो भन्नेबारे ऐतिहासिक लेख नभएतापनि अग्रजहरुको जनश्रुति अनुसार बर्दगोरीया भन्ने ठाउँमा बाबा अमरनाथ बस्नुहुन्थ्यो र त्यहाँ उहाँले एउटा अमर पोखरी खन्नु भएको रहेछ । बाबा अमरनाथले एउटा साँढेपनि पाल्नुभएको थियो जसलाई उहाँले शिवजीको बाहनको रुपमा पुजेर राख्नु भएको थियो । उक्त साँढेको गलामा एउटा सुनको हार थियो । बाबाले भक्तहरुलाई चोटपटक लागेमा अमरपोखरीमा आएर नुहाउनाले सबै ठिक हुन्छ भन्ने बरदान दिनुभएको थियो । एकदिन साँढे रुपन्देहीको भलुहिमा चरि रहंदा शत्रुहरुले बन्चरोले उसको घांटी काटीदिएछन् । साँढे चाहिँ बर्दगोरियाको पोखरीमा आउने प्रयास गरिरह्यो । घांटी काटिएको ठाउँमा टाउको खस्यो र ऐले सुनवल नगरपालिका भएको ठाउँमा उक्त साँढेले लगाएको हार खस्यो र यस ठाउँलाई सुनहार भन्न थालियो । समय बित्दै जाँदा त्यहि सुनहार भन्ने नाम सुनहल भई अहिले अपभ्रंस भइ सुनवल भएको छ । यसरि नै सुनवल नगरपालिकाको नाम कृषिसंग पनि सम्बन्धित रहेको छ । सुनवलमा सुनजस्तै धानकोबाला फल्ने भएकोले सुनको बाला भन्दाभन्दै सुनवाला भन्न थालियो र त्यहि नाम अपभ्रंस भइ सुनवल भएको आम किम्बदन्ती रहेको छ ।

नेपालको प्रथम बाल मैत्रीपूर्ण नगरपालिकाको रुपमा परिचित यो सुनवल नगरपालिका भौगोलिक हिसावले तराई क्षेत्रमा अवस्थित छ । जसमा नवलपरासी जिल्लाको चुरे क्षेत्रको सानो भाग पनि यस नगरपालिका क्षेत्रमा पर्दछ । यस नगरपालिकाको पूर्वमा सरावल गाउपालिका र बर्दघाट नगरपालिका, पश्चिममा  रुपन्देही जिल्ला, उत्तरमा गण्डकी प्रदेशको पाल्पा जिल्लाको माथागढी गाउपालिका र नवलपरासी वर्दघाट सुस्ता पश्चिम जिल्लाको विनयी त्रिवेणी गाउँपालिका, दक्षिणमा रामग्राम नगरपालिका रहेको छ । विक्रम सम्बत २०७१ साल ज्येष्ठ ४ गते नेपाल सरकारको स्थानीय प्रशासन अधिनियम अनुसार साबिकका स्वाठी गाविस र सुनवल आदर्श गाउ विकास समितिलाई मिलाइ स्थानीय निकायको रुपमा साविकको सुनवल नगरपालिका वनेकोमा स्थानीय तहको पुनसंरचना हुँदा नवलपरासी जिल्लाको साविक सुनवल नगरपालिका, रामनगर गाविस र साबिक धुर्कोट गा.वि.स.को वडा नं. ६ मिलाई विक्रम सम्बत २०७३ साल फाल्गुन २७ मा नेपाल राजपत्रमा प्रकाशन गरी स्थानीय तहको रुपमा हालको सुनवल नगरपालिका स्थापना भएको हो । यो नगरपालिका समुद्र सतहबाट १३८ देखि १०२३ मीटरको सतहमा रहनुका साथै यसको क्षेत्रफल १३९.१० वर्ग किलोमीटर रहेको छ । राष्ट्रीय जनगणना २०६८ अनुसार यस नगरपालिकाभित्र ५५,४२४ जनसंख्या र १२,६५९ घरधुरी रहेकामा यस सुनवल नगरपालिकाले वि.स. २०७७ मा स्थानीय स्तरमा गरेको गणना अनुसार यस नगरपालिका भित्र १५००० घरधुरी र करिब ७३००० जनसंख्या रहेको देखिएको छ । सो अनुसार सुनवलको जनसंख्या घनत्व ६०२.२ प्रति वर्ग किलोमिटर रहेको र जनसंख्या वृद्धि दर २.४२ % रहेको छ । सुनवलमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन लगायतका धर्महरु मान्ने विभिन्न जातजातिका बासिन्दाहरु रहेका छन् । त्यस्तै, यस नगरपालिकामा ९५.५% नागरिकहरु साक्षर छन् र सबै बालबालिका विद्यालय जान्छन । राज्यको पुनसंरचना पश्चात संपन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित पदाधिकारीहरुवाट विक्रम सम्बत २०७४ असार २५ गते पदवहाली गरी नगरपालिकाको सेवा प्रवाह तथा विकासका गतिविधिहरु कार्यान्वयन भैरहेको छ । सुनवल तराई र नेपालको पहाडी क्षेत्रसँग सीमामा  छ । यद्यपि यो नगरपालिका तराईमा अवस्थित भए पनि, यसको पहाडी क्षेत्रमा पनि केही परिवार बसोबास गर्दछन् । मध्यम जनसंख्या भएको यो नगरपालिकाको पचास प्रतिशत भन्दा बढी क्षेत्रमा  जंगल रहेको छ । जहाँ धातु, ढुङ्गा जस्ता खनिजहरू छन् । विविध भौगोलिक सुविधाको कारण, सुनवल पर्यटन, आधुनिक र स्वदेशी व्यापार, कृषि, जस्ता सम्भावना बोकेको शहरको रुपमा परिणत हुँदै गएको छ । स्थानीय सरकारको वर्तमान नियन्त्रणले पूर्वाधारको छिटो विकासको सम्भावना बढाएको छ ।

**हावापानी र भू-उपयोग :**

यस नगरपालिकाको हावापानी समष्टिमा समशितोष्ण प्रकारको रहेको छ । यहाँको धरातलीय स्वरूपले पनि हावापानीको प्रभाव दक्षिण पूर्वी मनसूनबाट प्रभावित देखिन्छ। यस शहरको औसत तापक्रम गर्मीमा २८ डिग्री देखि ४३ डिग्री सेल्सियस, र जाडोमा ५ डिग्री सेल्सियस  देखि २८ डिग्री सेल्सियससम्म हुने गर्दछ । पहाडी बेल्ट र तराई बेल्टमा वातावरणको विविधता पनि यस क्षेत्रको अर्को प्राकृतिक पहिचान हो । यस नगरपालिकामा जति उत्तर गइन्छ उति नै हावापानीमा केहि

अन्तर पाइन्छ भने बार्षिक वर्षा औसतमा २७५ मि.मि. हुन्छ । कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भूभाग समथर हुनाले सो जमिन कृषियोग्य छ । यस नगरपालिकामा खोलानाला तथा पानीको श्रोतहरु रहेकोले सिंचाइको अवस्था पनि सन्तोषजनक रहेको छ । धान, गहुँ, मकै जस्ता खाध्य बालि तथा तोरी, तरकारी र उखु जस्ता नगदे बालीहरु यहाँको प्रमुख खेतीहरु हुन् ।

**ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरू:**

सुनवल नगरपालिका क्षेत्रका ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरूमा बाबा बर्दगोरिया, महल पोखरी, सुनवल हिलपार्क, ऐतिहासिक देवदह ताल, उत्तरायण धार्मिक क्षेत्र, सहिद बिष्णु पाण्डे प्रतिष्ठान, बैरागनाथ मन्दिर, कृष्ण धाम (कृष्णको दामोदर स्वरुपको प्रतिमा), सोमनाथ बाबा, मामीसति सावरिया, ओमेश्वर मन्दिर, खड्कट्टी क्षेत्र, डाकापानी पिकनिक स्थाल, स्वाठी पोखरी, बनकट्टी बुद्धको मूर्ति आदि रहेका छन ।

**मुख्य व्यवसाय क्षेत्रहरु:**

यस सुनवल नगरपालिका शहरउन्मुख क्षेत्र हो । यस नगरपालिकाका प्रमुख वजार केन्द्रको रुपमा सुनवल चौराहा, भुमही वजार, स्वाठी, बडेरा, बनकट्टी र अस्नैया, ज्यामिरे रामपुर चौराहा जस्ता वजारहरु रहेकाछन ।

**सामाजिक-सांस्कृतिक अवस्था :**

सांस्कृतिक विविधता सुनवलको एक धेरै महत्त्वपूर्ण पहिचान हो । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू वसोवास गर्दछन। बाहुन, क्षेत्री, जनजाती, मधेशी यहाँका प्रमुख जातीय समुदाय हुन् । दशैं तिहार लोसार छठ आदि यहाँका मुख्य पर्वहरु हुन । सुनवलको संगठित विकास प्रकृति र सामाजिक प्रणालीले सधैँ आफ्नो मिशनमा सफलताको संकेत गर्दछ।

**ख) नगरपालिकाको वर्तमान परिदृष्य :**

**१) पूर्वाधार विकास :**

यस नगरपालिका भित्र रहेका सडक पूर्वाधार तर्फ ४५ प्रतिशत सडक कालोपत्रे रहेको, अन्य सडकहरु ग्राभेल तथा कच्ची रहेका र वडा नं. ११ को धुरकोटमा सडकको पहुँच नपुगेको अवस्था रहेको छ । विद्युतिकरण तर्फ वडा नं. ११ को बेवरे र धुरकोट बाहेक स्थानमा विद्युतिकरण पुगेको छ । खानेपानी तर्फ ८० प्रतिशत स्वच्छ खानेपानीको पहुँच पुगेको, संचार तर्फ सबै वडाहरुमा संचारको सुविधा पुगेको, केन्द्र, प्रदेश तथा नगरपालिकाको लागत सहभागितामा ठूला पूर्वाधार र पर्यटन पूर्वाधारका कार्यक्रमहरु भईरहेका छन् ।

**२) सामाजिक विकास :**

सामाजिक विकास तर्फ आधारभूत स्वास्थ्य सेवाको पहुँच ९० प्रतिशत पुगेको, शिक्षा तर्फ ९५.५ प्रतिशत जनसंख्यामा शिक्षाको पहुँच पुगेको छ । महिला विकास तर्फ लैगिंक समानता तथा समाजिक समावेशिकरणका कार्यहरु संचालन भएका छन् । जनसंख्याको ८० प्रतिशत लैगिंक पहुँच पुगेको देखिन्छ ।

**३) आर्थिक विकास :**

कृषि तर्फ पकेट क्षेत्र विस्तार, कृषिमा आधुनिकीकरण, बाझो जग्गा न्यूनिकरण तथा कृषिमा वैज्ञानिकरणका कार्यहरु संचालित छन् । नगरपालिका खाद्य श्रोतको हिसाबले आत्म निर्भर बन्ने कार्यक्रम अगाडि बढेको छ । पशु विकास तर्फ पशुउपज आत्मनिर्भर कार्यक्रम (दुग्ध, अण्डा र मासुमा आत्मनिर्भर) संचालित छन् । पशु उपचार सेवालाई प्राथमिकता दिईएको छ । पर्यटन प्रवर्द्धन तर्फ सुनवल सर्किटको अवधारण अनुसार पर्यटन र विकासको मुल नारासाथ एकिकृत पर्यटन विकासमा जोड दिईएको छ । समावेशी विकासलाई Right Base Approch मा रुपान्तरण गर्ने प्रयत्न गरिएको छ ।

**४) वन वातावरण तथा विपद्व्यवस्थापन :**

भू संवेदनशिल योजना निर्माण, जलवायु अनूकुलन कार्यक्रम, विपद सम्वेदनशिल क्षेत्र पहिचान आदि कार्यहरु गर्दै वातावरण अनूकुलित विकासमा जोड दिईएको छ । संवेदनशिल क्षेत्र संरक्षणका लागि नाली तथा जाली अभियान शुरु गरिएको छ । टोल विकास संस्था मार्फत समग्र वन तथा वातावरण व्यवस्थापन गरी नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्ने कार्य आरम्भ गरिएको छ ।

**५) सुशासन तथा संस्थागत विकास :**

सेवा प्रवाहमा नागरिक सहभागिता, Public First नाराका साथ समग्र प्रशासनिक तथा विकासात्क गतिविधी संचालित छन् । नगरपालिकाका शाखा, उपशाखाहरु सेवा प्रवाहमा Auto Model मा कृयाशिल छन् । नगरपालिकाको मूल्यांकन प्रणाली, सूचना प्रणाली तथा समग्र व्यवस्थापन प्रणालीमा यन्त्रीकरण गरिएको छ । समग्र नागरिकको खुशियाली वृद्धिमा लगानी बढाईएको छ । नगरपालिकाको आन्तरिक श्रोत वृद्धि तथा अन्तर निकाय समन्वय र श्रोत वृद्धि तथा परिचालनमा महत्वपूर्ण

कार्यको थालनी भएको छ। सुशासनयुक्त भौतिक पूर्वाधारमा प्रशासकीय भवन, वडा कार्यालय भवन, आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन तथा सम्पूर्ण विद्यालयहरुको भौतिकपूर्वाधारमा उल्लेख्य लगानी वृद्धि गरिएको छ।

**आन्तरिक स्रोत :**

आत्मनिर्भर स्थानीय सरकार को मूल मर्मलाई आत्मसाथ गरी वार्षिक ५ करोड आन्तरिक आयलाई वार्षिक १५ करोड आन्तरिक आय पुऱ्याउन राजश्व सुधार योजना कार्यान्वयनमा ल्याईएको छ। यो योजना कार्यान्वयनबाट करदाता शिक्षा, वित्तिय साक्षरता, शासन प्रशासनमा नागरिक सहभागिता उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ।

**स्रोत अनुमान र वजेट व्यवस्थापन**

वार्षिक १ अरब बजेट नीति, कार्यक्रम तथा बजेटको माध्यमबाट सार्वजनिकीकरण गरिने परिपाटीलाई वृद्धि गरी आन्तरिक श्रोत, संघ, प्रदेशको सहभागितामा वार्षिक २ अरबको बजेटको व्यवस्थापन गर्न सक्ने संयन्त्रको विकास गरिएको छ।

**न्यायिक तथा कानून निर्माण**

नेपालको संविधानमा उल्लेखित एकल तथा साझा अधिकार तथा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत कार्य विस्तृतिकरण र स्थानीय सरकार संचालन ऐन, २०७४ को मार्गदर्शन अनुसार विगत आ.व.मा ७४ वटा कानून निर्माण गरिएको र यस आ.व.मा १६ वटा कानून निर्माण भई कार्यान्वयनमा रहेकोले नगरपालिकालाई आवश्यक पर्ने कानून स्वयम निर्माण गरी कार्यसरलिकरण गर्न आवश्यक संयन्त्रको विकास गरिएको छ। न्यायिक कार्य प्रणालीलाई नागरिकमैत्री वनाउन वडा वडामा समितिहरु क्रियाशिल छन्। अधिकारक्षेत्र भित्र पर्ने न्याय निरुपणमा शिघ्रता ल्याउन स्वचालित संयन्त्र परिचालित छ।

**अनुगमन तथा सुपरिवेक्षण**

समग्र प्रशासनीक विकासात्मक तथा अन्तरनिकाय समन्वयका साथै नागरिकहरुको शासन प्रशासनमा असर र प्रभावको मूल्यांकन, निरीक्षण, सुधार र सल्लाहका लागि अनुगमन तथा सुपरिवेक्षण संयन्त्रलाई विधिवत रुपमा स्थापित गरिएको छ। यसबाट सुधार, निरन्तर सुधारका अवयबहरु संचालित भई सुधारात्मक पाटाहरुमा जनप्रतिनिधीमूलक संस्थालाई काम गर्न सजिलो भएको छ।

**आन्तरिक नियन्त्रण प्रणालि तथा वेरुजुको अवस्था**

नागरिक संवेदनशिलता तथा खुशियालीलाई वृद्धि गर्ने, कम लगानीमा बढी प्रतिफल प्राप्त गर्ने र नागरिकहरुको शासन प्रशासनमा सहभागिता वृद्धि गर्ने आन्तरिक नियन्त्रण प्रणालीलाई वडा कार्यालयबाटै संयन्त्रका रुपमा विकास गरिएको छ। यसबाट समग्र प्रशासनिक र आर्थिक गतिविधीमा पारदर्शिता र जवाफदेहीता कायम भई शुसासन कायम गर्न सजिलो भएको छ। हाल नगरपालिकाको बेरुजुको अवस्था देहाय बमोजिम छ।

**रकम रु २४,३१,७०,९८५/- अक्षरुपी चौबिस करोड एकतिस लाख सत्तरी हजार नै सय पचासी मात्र।**

उक्त बेरुजुलाई नियमसंगत व्यवस्थित र संपरिक्षण गर्न आन्तरिक संयन्त्र कृयाशिल छ। विविध कारणवस बेरुजुको अंकभार बढी देखिएपनि संपरिक्षण गर्न सकिने अवस्था छ।

**समग्र योजना तथा कार्यक्रम व्यवस्थापन तथा रोजगारि सिर्जना**

नगरपालिका भित्र संघ, प्रदेश र स्थानीय सरकार मार्फत विभिन्न भौतिकपूर्वाधारका योजनाहरु संचालित छन्। विगतमा संचालित टुक्रे आयोजनाहरुलाई न्यूनिकरण गर्दै ठूला गौरवका आयोजना संचालन गर्ने परिपाटीलाई प्राथमिकतामा राखिएको छ। क्षमता विकासका आयोजनाहरु मागमा आधारित भएकोले अनुसन्धानका आधारमा आवश्यकता र औचित्यताका आधारमा संचालन गर्ने परिपाटी विकास गर्न संयन्त्रको खोजी गरीएको छ। यसबाट विगतमा योजना तथा कार्यक्रम व्यवस्थापनमा न्यून रोजगारी सृजना भएकोमा हाल वार्षिक ४०० पूर्ण रोजगारी र १५००० आंशिक रोजगारी सृजना गर्न आवश्यक लगानी वृद्धि गर्ने लक्ष्य रहेको छ।

**नेपाल सरकार तथा प्रदेश सरकारले घोषण गरेका अभियानहरुको अवस्था**

दिगो विकास लक्ष्य, चालु संघ तथा प्रदेशका योजना, विगत तथा वर्तमानमा नगरपालिकाले स्वीकृत गरेका नीति, कार्यक्रम तथा अभियान र नगरपालिकाको दीर्घकालिन सोँचका आधारमा सुनवल नगरपालिकालाई देशकै पहिलो बालमैत्री नगरपालिका घोषणा गरिएको र महिलामैत्री नगरपालिका, पूर्ण सरसफाईयुक्त नगरपालिका, पोषणयुक्त नगरपालिका, No Home Delivery नगरपालिका घोषणा गर्ने प्रकृयामा रहेको छ। नेपाल सरकारले पालना गर्ने गरी गरेका सन्धी सम्झौताका आधारमा थप अभियानमुखि कार्यक्रमहरु संचालन गरिनेछ।

**अन्तर निकाय समन्वय तथा सहकार्य( संघ, प्रदेश ,स्थानीय तह, निजि क्षेत्र तथा समग्र नागरिक क्षेत्र)**

देशको शासन प्रशासन, राजनैतिकदल, नगरिक क्षेत्र र कर्मचारी वर्गको त्रिकोणात्मक समन्वयबाट संचालन हुने भएको हुँदा नेपालको संविधानले परिकल्पना गरेको सहकारीतामा आधारित संघियतालाई मुर्त रुप दिन अन्तर निकाय समन्वय तथा सहकार्यबाट नगरपालिकाको समग्र श्रोतको पहिचान र श्रोत संकलन तथा परिचालन गर्नु पर्ने भएको र नगरपालिकालाई आत्मनिर्भर बनाउने दिशातर्फ हाम्रा नीति, कार्यक्रम तथा बजेट स्वीकृत भएकोले संघ तथा विषयगत मन्त्रालय, प्रदेश तथा विषयगत मन्त्रालय, स्थानीय तह तथा समग्र नागरिक क्षेत्रको समन्वय र सहकार्यमा स्थायी संयन्त्र निर्माण गरी अगाडि बढ्ने प्रयास गरिएको छ। नेपाल सरकारले घोषणा गरेको ३ खम्बे अर्थतन्त्रलाई आत्मसाथ गरिएको छ।

**अन्य**

सुनवल नगरपालिका नवलपरासी पश्चिमका ७ वटा पालिका मध्ये राष्ट्रिय राजमार्गले १५ कि.मी. मध्ये भागमा चिरीएको उत्तरी भाग चुरेक्षेत्र प्राकृतिक श्रोतको अनुपम उपहार, दक्षिण क्षेत्र सरदमुकाम र अन्तराष्ट्रिय समिनासंग नजिक, प्रदेश सरकारले घोषणा गरेको बुद्ध सर्किट तथा समग्र संस्कार, संस्कृति, परम्परा, रितिरिवाज, संरक्षण तथा सुनवलको पहिचानका लागि घोषणा हुन लागेको सुनवल सर्किट भित्र करिब ७५ हजार जनसंख्या रहेको पालिका भएकोले लुम्बिनी प्रदेशको प्रतिस्पर्धात्मक रुपमा समुन्नत पालिका निर्माण गर्न आधार स्तम्भ भएको पालिका सुनवल हो । स्वास्थ्य, शिक्षा, वैज्ञानिक भौतिक पूर्वाधार, गुणस्तरयुक्त नागरिक र जलवायु अनूकुलन विकासात्मक गतिविधी संचालन गर्न सके यसको पहिचान कायम रहन सक्ने देखिन्छ ।

**<u>ग) अवसर र चुनौति</u>**

**<u>अवसर :</u>**

१. तराईको समथर भू –भाग
२. राष्ट्रिय राजमार्ग १५ कि.मी.
३. जनसंख्या बढी
४. प्राकृतिक श्रोतको प्रचुरता
५. शिक्षा र स्वास्थ्यको स्थिति राम्रो
६. धार्मिक पर्यटन पूर्वाधारको सम्भावना
७. निजि क्षेत्रको लगानी वृद्धि हुन सक्ने
८. औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सकिने
९. देशकै ठूला शहर नजिकमा बुटवल र भैरहवा रहेका

**<u>चुनौती :</u>**

१. जग्गाको खण्डीकरण र व्यापारिकरणको कारण अभियानमूखी कृषि तथा पशु विकासका कार्यक्रम संचालन गर्न समस्या ।
२. औद्योगिक विकासमा समस्या ।
३. श्रम शक्तिलाई व्यवस्थापन गर्न समस्या ।
४. टुक्रे आयोजनाको बाहुल्यता ।
५. आन्तरिक श्रोत व्यवस्थापनमा समस्या ।
६. जनताको माग र आपूर्ति बीच असन्तुलन ।
७. प्रतिभा पलायन ।

**<u>घ) पाँच वर्षे लक्ष्य र योजना</u>**

**<u>१. शुसासन तथा संस्थागत विकास :</u>**

- क्षमता विकास योजना निर्माण ।
- नेटवकिङ्ग सेवाको विस्तार ।
- कार्यसम्पान करार ।
- पुरस्कार र दण्डको व्यवस्था ।
- सेवा प्रवाहमा नागरिक सहभागिता वृद्धि ।
- सुशासनयुक्त भौतिक पूर्वाधार निर्माण (प्रशासकीय भवन, वडा कार्यालय भवन, आधारभूत स्वास्थ्य चौकी भवन, खोप केन्द्र, विद्यालय, अस्पताल, ट्रमा सेन्टर, बहुउपयोगि सभाहल, सामुदायिक भवन) ।
- संगठनात्मक संरचना अध्ययन र स्वीकृति (१ वडा ५ कर्मचारी) ।
- कर्मचारी कल्याण कोष स्थापना र परिचालन ।
- नगर प्रोफाईल निर्माण ।
- भगिनी सम्बन्ध विस्तार (राष्ट्रिय र अन्तराष्ट्रिय) ।
- सरुवा प्रणालीलाई अनुमान योग्य बनाउने ।
- नगरपालिकाको विषय क्षेत्रगत रणनीति तयार गरी लागू गरिनेछ ।
- बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यमैत्री मध्यमकालिन खर्च संरचना तयार गरि लागु गरिने छ ।
- सुनवल नगरपालिकाको सञ्चार गृह निर्माण ( T.V, , F.M. )।

**<u>२. आर्थिक विकास:</u>**

- आत्मनिर्भर कार्यक्रम (खाद्यान्न, तरकारी, माछा, मासु, फलफूल, अण्डा, दुध र तेलहन)
- कृषिमा आधुनिकीकरण र यन्त्रीकीकरण ।
- भू -उपयोग योजना निर्माण ।
- १ नगरपालिका १पहिचान युक्त कृषि उत्पादन ।
- १ वडा १पहिचान युक्त कृषि उत्पादन ।
- व्यवसायिक कृषि तथा पशु अनुदान कार्यक्रम ।
- १ वडा १ पहिचानयुक्त उद्यम विकास ।
- युवा स्वरोजगार तथा उद्यम विकास कार्यक्रम ।
- पशुविकास तर्फ वैज्ञानिक फार्म विस्तार (१ वडा १ उन्नत पशु फार्म)
- सुनवल सर्किट निर्माण (सम्पूर्ण धार्मिक तथा सांस्कृतिक धरोहर समेटी गुरुयोजना निर्माण र लगानी)
- १ वडा १नमूना सहकारी ।
- जिल्लाकै नमूना १ चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन
- कोशेली घर निर्माण ।
- सांस्कृतिक संग्रालय स्थापना
- कर शिक्षा कार्यक्रम संचालन ।
- उद्योग प्रोफाईल निर्माण ।

**३. सामाजिक विकास:**

- नमूना विद्यालय कार्यक्रम (१ आर्थिक वर्ष १ नमूना विद्यालय)
- विद्यालय भौतिक पूर्वाधार सुधार ।
- स्वास्थ्य चौकी, अस्पताल भौतिक पूर्वाधार सुधार कार्यक्रम ।
- महिला उद्यम सिप विकास केन्द्र स्थापना र परिचालन ।
- १ घर १ धारा कार्यक्रम ।
- लैगिंकमैत्री नगरपालिका घोषणा ।
- छुवाछुतमुक्त नगरपालिका घोषणा ।
- लैंगिक संवेदनशिल बजेट निर्माण र कार्यान्वयन ।
- सांस्कृतिक प्रतिष्ठान गठन ।
- खेलकुद प्रतिष्ठान गठन ।
- १ वडा १ जेष्ठ नागरिक दिवासेवा कार्यक्रम ।
- व्यवसायिक तथा प्राविधीक सिप अभिवृद्धी कार्यक्रम ।
- संघ र प्रदेशको समन्वयमा सुकुम्बासी र अव्यवस्थित जग्गा सम्बन्धी समस्या समाधान ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई जनताको घरदैलोमा पुर्‍याउने ।
- स्वास्थ्य विमा कार्यक्रम ।
- प्रभावकारी संघ संस्था  सहयोग कार्यक्रम ।
- हिंसा पिडित कोषको स्थापना ।
- महिला सेफ हाउस संचालन ।
- बालमैत्री सिकाई केन्द स्थापना ।
- महिला विद्यालय संचालन ।
- बिषेश संरक्षणको आवश्यकता भएकाबालबालिकाको लागि विद्यालय संचालन ।
- बाल उद्धार कोषको स्थापना ।
- भाषा सस्कृति संरक्षणमा नगरपालिकामा वाग्मय प्रतिष्ठान निर्माण ।
- नगर खेलकूद विकास समिति गठन तथा परिचालन ।
- समग्र शैक्षिक विकासको लागि नगरपालिका स्तरीय शैक्षिक उन्नयन केन्द्र स्थापना तथा परिचालन

- नगर शिक्षा योजनामा समसामयिक परिमार्जन ।
- सास्कृतिक संग्रालय स्थापना ।
- स्थानीय पठ्यक्रम निर्माण ।

**४. पूर्वाधार विकासः**

- सुनवल रिंगरोड निर्माण र कालोपत्रे
- १ हजार कि.मी. सडक कालोपत्रे ।
- ४ झोलंगे पुल निर्माण
- ४ सडक पुल निर्माण
- ५० कि.मि. नया सडक निर्माण
- एक नगर एक नमुना बस्ती
- अन्तर निकाय लागत सहभागिमा योजना सञ्चालमा प्रथमिकता
- विकास निर्माणमा नागरिक सहभागितामा प्रथमिकता(३०/७० कार्यक्रम)
- नगरपालिका केन्द्र तथा वडा कार्यालय पहुँच मार्ग निर्माण तथा स्तरोन्नती ।
- कृषि विद्युतिकरण कार्यक्रम ।
- सिंचाई विद्युतिकरण कार्यक्रम ।
- सडक सौन्दर्यकरण ।
- फोहरमैला उद्योग स्थापना ।
- औद्योगिक ग्राम स्थापना र परिचालन ।
- अटोभिलेज निर्माण ।
- हिलपार्क निर्माण ।
- १ नगरपालिका १ रंगशाला ।
- १ वडा १ खेलमैदान ।
- १ वडा १ गौरबको योजना ।
- १ नगर १ बहुउद्देश्यीय सभाहल ।
- नगर बसपार्क निर्माण ।
- मर्मत संभार कोषको स्थापना ।
- नगर यातायात गुरुयोजना निर्माण ।
- अभियानमुखी सडक वत्ति कार्यक्रम ।
- भौतिक पूर्वाधारलाई गुणस्तरयुक्त वनाउन ल्यावको स्थापना

**५. वन वातावरण तथा विपद व्यवस्थापन :**

- १ वन १ पुष्प बाटिका ।
- १ वडा १ उद्यान ।
- १ वडा १ नमूना सामुदायिक वन ।
- संवेदनशिल क्षेत्र तटवन्ध तथा संरक्षण ।
- आपतकालिन आश्रय स्थल निर्माण ।
- आपतकालिन कार्य संचालन केन्द्र स्थापना (डोजर, दमकल, टिप्पर, ट्रेक्टर, रसी लगायत मेशिनरी औजारको व्यवस्था)
- नगर प्रहरीलाई ब्यारेक प्रणालीमा लैजाने (२५ जनाको दरबन्दी, विपत तथा विकास निर्माणमा परिचालन)
- जलवायु अनूकुलन कार्यक्रम संचालन ।
- १ वडा १ ढल सुधार योजना (सवै वस्तिमा ढल निकासको व्यवस्था)
- वैकल्पिक उर्जा कार्यक्रम ।
- टोल सुधार संस्था परिचालन ।
- १ वडा १ आश्रय स्थल निर्माण ।

- १ नगर १ चिडियाखाना ।
- जैविक प्रोफाईल निर्माण ।
- वैकल्पिक उर्जा कोष निर्माण ।
- उज्यालो नगर घोषणा
- धुवामूक्त नगर घोषणा

**ङ) कार्ययोजना:** ५ वर्षमा पुरा गरिनेछ ।

**च) अपेक्षित उपलब्धी**

**सुशासन तर्फ:** सेवा प्रवाहमा नागरिक सहभागिता वृद्धि भई नागरिक सन्तुष्टी प्राप्त हुनेछ । सेवाग्राहीले संजालीकरणका माध्यमद्धारा ५ मिनटमै सेवा प्राप्त गर्ने छन् ।

**आर्थिक विकास तर्फ:**
आत्मनिर्भर नगरपालिका निर्माण भई कृषि, पशु सेवाको वैज्ञानीकिकरण तथा पर्यटन तर्फ वार्षिक २५ हजार पर्यटक वृद्धि भई आन्तरिक आय र रोजगारीमा सुधार हुनेछ ।

**सामाजिक विकास तर्फ:**
दिगो विकास लक्ष्यका सूचकहरु ९८ प्रतिशत पुरा हुनेछन् । गुणस्तरयुक्त नागरिक निर्माण भई प्रतिभा पलायनमा न्यूनिकरण हुनेछ ।

**पूर्वाधार विकास तर्फ:**
सडक पूर्वाधार तर्फ ९५ प्रतिशत सडक कालोपत्रे भएको हुनेछ । १ घर १ धारा अभियान पुरा हुनेछ । अत्यावश्यक पूर्वाधारहरुको निर्माण सम्पन्न हुनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ:**
शहर सौन्दर्यकरणको कार्य पुरा हुनेछ । विपद न्यूनिकरण तथा सहायता अभिवृद्धि हुनेछ । जलवायु अनूकुलनका कार्यक्रमहरु प्रभावकारी हुनेछन् ।

छ) वित्तीय व्यवस्थापन:
नगरपालिकाको आन्तरिक आय वार्षिक २० करोड पुगेको हुनेछ । वार्षिक वजेटरी श्रोत २ अरब का दरले जम्मा ८ अरब लगानी गरिनेछ । विषयगत मन्त्रालय (संघ ,प्रदेश) समग्र नागरिक क्षेत्र( निजि क्षेत्र, सहकारी, संघ सस्था)को लगानी वार्षिक २ अरबका दरले भई जम्मा ८ अरब लगानी हुँदा बाँकी अवधीमा १६ अरबको श्रोत परिचालन भएको हुनेछ । यसबाट पूर्ण रोजगारी वार्षिक ४०० र आंशिक रोजगारी वार्षिक १५ हजारका दरले हुने अनुमान गरिएको छ ।

ज) कार्यान्वयन संन्त्रण :
माथि उल्लेखित ५ वर्ष दिर्घकालिन सोच परिपुर्ण गर्न तथा वित्तिय व्यवस्थापनका लागि नगर स्थित क्रियाशिल राजनीतिक दल पूर्व , नगर प्रमुख , नगर उप -प्रमुख , उद्योग वाणिज्य संघ , सहकारी संघ , सामुदायिक वनको प्रतिनिधि , व्यापार संघ , महिला संजाल , युवा क्लव , नागरिक समाजका प्रतिनिधि , वर्तमान कार्यपालिका सदस्य तथा विषय विज्ञ समावेश भएको कार्यान्वयन संन्त्रण निर्माण गरि आन्तरिक र वाहक स्रोत जुटाई कार्यान्वयन गरिने छ ।
अन्त्यमा, प्रस्तुत दिर्घकालिन सोच पुरा गर्न राजनैतिक दल, नागरिक क्षेत्र , कर्मचारी वर्ग लगाएत सबै सरोकार वालाहरुलाई हार्दिक अपिल गर्दै सुनवल नगरपालिकाको सपना कार्यान्वयनको चरण पुरा हुँदा समृद्ध सुनवल निर्माण हुने प्रवल आशाका साथ विदा चाहन्छु ।

**धन्यवाद**

# सुनवल नगरपालिकाको आ.व.०७९/८० दोस्रो चौमासिक प्रगति

# बाह्रौं नगर सभा

मिति : २०७९/११/१०

**संकल्पः समृद्ध नगर, सुखी नगरबासी**

**दुरदृष्टी : समाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता**

यस सभाका सभाध्यक्ष  एवम सुनवल नगरपालिकाका, नगरप्रमुख ज्यू. नगरप्रवक्ता ज्यू., सम्पूर्ण वडाध्यक्ष ज्यू. कार्यापालिकाका सदस्य ज्यू., नगरसभाका सदस्य ज्यू. विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी वर्गहरु । सर्व प्रथम यस सभामाहाम्रो निमन्त्रणालाई सहस्र स्वीकार गरी पाल्नु हुने समग्र नगरसभा सदस्यहरुमा  मेरो व्यक्तिगत तथा नगरपालिकाको तर्फबाट हार्दिक स्वागतगर्दै धन्यवाद ज्ञापन गर्न  चाहान्छु

आज हामी देश संघीयतामा प्रवेश पछिभएको दोस्रो स्थानीयतहको निर्वाचनपश्चात आ.व. ०७९/८० को यस सुनवल नगरपालिकाले स्वीकृत गरेको नीति ,कार्यक्रम तथा वजेटको कार्यान्वयनको अवस्था तथा स्वीकृत कार्यक्रमबाट समग्र नागरिकमा परेको असर र प्रभावको लेखाजोखा गरी आगामी दिनमा नगरपालिकाले सम्पादन गर्ने  समग्र विकासात्मक , प्रशासनिकतथाअन्तर निकाय समन्वयकागतिविधिहरुका सुधारात्मक मार्ग तय गरी समग्र नागरिकको स्थानीय सरकार प्रतिको भरोसा र सेवाप्रवाहमा नगरिक सहभागिता वृद्धि गरि नागरिको खुसियालि वृद्धिमा सहजिकारण तथा सुशासनको कार्यदिशामा स्थानीय सरकारका हरेक गतिविधि अगाडि वढाउन तथा हालसम्म हामीहरुले गरेका विकासात्मक तथा प्रशासनिक गतिविधिवाट नागरिकमा परेका सकारात्मक तथा सुधारात्मक असर र प्रभावको सन्दर्भमा समीक्षा तथा विवेचनाको लागियस सम्मानित सभामा उपस्थित छौ ।

स्थानीय सरकारको  सेवा प्रवाह नागरिकमैत्री, नागरिक सहभागिता उन्मुख, जनताले सुन्ने ,देख्ने मात्र नभइ अनुभुति गर्ने हुनु प्रदछ ।शासक र सेवकको सम्वन्ध होइन  सहजकर्ता र सहअस्तित्वको हुनु पर्छ यसका लागि सुशासन अपरिहार्य छ सुशासनका महत्वपूर्ण तत्व मध्ये पारदर्शिता र जवाफदेहिता यस्ता  कार्यक्रमहरुवाट मापन गर्न सकिन्छ अतः यस सभामा उपस्थित समग्र महानुभावहरुलाई हाम्रा प्रशासनिक ,विकासात्मक गतिविधिमा महसुस भएका सकारात्मक ,असरात्मक तथा अनुभूतिजन्य कार्यहरुको वजारीकरण गरि  सुधारका मार्ग पैल्याउन सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

आदरणीय सभा सद्ज्यूहरु,

देश संघीयतामा प्रवेश पश्चात नेपालको संविधानलें परिकल्पना गरेको सहकारितामाआधारित संघीयता, संघ,प्रदेश र स्थानीयतहको एकलतथा साझाअधिकार,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ,संघ र प्रदेशका पञ्चवर्षीय योजना ,स्थानीय तहबाट स्वीकृत आवधिकविकास योजना तथा

ऐन,नियम,कार्यविधि,मार्गदर्शन,मापदण्ड, दिगो विकास लक्ष्य, मध्यवधीखर्च संरचना,नेपाल सरकार,प्रदेश सरकारले घोषणा गरेका राष्ट्रिय तथाप्रादेशिकअभियानलाई मध्यनजर गरि वार्षिक रुपमा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको आधारमा हरेक स्थानीय सरकारका विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधि सञ्चालन हुँदै आएको छ । तद् अनुरुप यस सुनवल नगरपालिकाको यस आ.व.मा स्वीकृत भई कार्यान्वयनमा रहेको नीति कार्याक्रम र वजेटको हाल सम्मको प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

आ.व.२०७९/८०को नीतिकार्यक्रमतथा बजेट

- आ.व. २०७९/८० को कुल बजेट रु. १,१८,१८,६३,७०२.०० रहेकोमा आर्थिक विकास तर्फ रु. १०,४१,६०,१०४.००, सामाजिक विकास तर्फ रु. ४१,८८,५९,००१.००, पूर्वाधार विकास तर्फ रु. ३९,८५,०६,४९७.००, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. ९,३९,३९,०००.०० र कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु. १६,६३,९९,१००.०० विनियोजन गरिएकोमा हाल सम्म संघ,प्रदेश सरकारवाट निकासा २७९७४७७६५ र आन्तरिक राजश्व ३२८७१०१६ तथा गतवर्षको वाँकि मौज्दात२७१३४६७०२ राजश्व वाडफाडबाट ५००६७९९६ गरि नगरपालिकाको सञ्चित कोषमा ६३४०५३४७९रकम जम्मा भएको छ । हाल सम्म चालु तर्फ २१,८४,९३,३१४ (४१) प्रतिशत तथा पूँजिगत तर्फ २२,०६,१३,४७७ (३३) प्रतिशत खर्च भएको छ ।
- ११ औ नगरसभाले नगरको विकासमा दिर्घकालिन महत्वका निम्नानुसारका योजनाहरु संचालनको निर्णय गरिएको छः
  - नगर प्रमुख महिला उत्थान कार्यक्रम
  - महिला र वालवालिकासँग मेयर कार्यक्रम
  - गरिबसँग उपमेयर कार्यक्रम संचालन
  - नगर प्रमुख छात्रवृति कोष स्थापना
  - उपमेयर आवास बिहिन कार्यक्रम संचालन
  - वडा नं. ९ पचभैयामा प्रदेश सरकारसंगको साझेदारीमा कृषि स्रोत केन्द्र स्थापना
  - ५ वर्षभित्र पूर्ण पोषण सुनिश्चितता गरि सुनवललाई पोषणमैत्री नगरपालिका घोषणा
  - प्राकृतिक चिकित्सा सहितको योग ध्यान केन्द्र स्थापना
  - तिलकानालाई नगरकै नमूना वस्तीको रुपमा विकास
  - धार्मिक तथा पर्यटकिय विकासका लागि सुनवल सर्किट निर्माण
  - विषेश संरक्षणको आवश्यकता भएका बालबालिकाहरुका लागि निशुलक आवासयि बिद्यालय स्थापना
  - नगर स्तरमा एक बहुउद्धेश्यीय महिला सीप तथा उद्यम विकास केन्द्र स्थापना
  - ५ वर्ष भित्रमा महिला हिंसामुक्त नगर घोषणा र कार्यान्वयन
  - हिंसा पिडित महिला पुर्नस्थापना केन्द्र (सेफ हाउस) निर्माण
  - २ वटा नमुना होमस्टे सञ्चालन
  - ६वटा वडाको वडा कार्यालय भवन निर्माण
  - कम्तीमा ३ वटा नमूना सडक निर्माण
  - नगर चक्रपथ निर्माणका लागि आवश्यक प्रक्रिया प्रारम्भ

- देवदह तालको सौन्दर्यकरण गरि धार्मिक पर्यटन प्रवद्धन
- भुमहि खोलादेखि वर्दगोरियासम्म जलाविहारका लागि डिपिआर निर्माण ।
- सुनवल नगरपालिकालाई बालमैत्री अध्ययन अवलोकन केन्द्रको रुपमा विकास
- सबै विद्यालयका भौतिक संरचनाहरु बालमैत्री बनाईने
- सबै विद्यालयहरुमा दण्डरहित शिक्षा र प्रभावकारी बालमैत्री सिकाई पद्धति अवलम्बन गरिने
- युवा तथा महिलाहरुलाई उद्यमशीलता विकास तालिम
- संघसंस्था, नागरिक समाजको सहकार्यमा युवामैत्री स्थानीय तह प्रवर्द्धन ।
- नगरमा कम्तीमा २ वटा नगर स्तरीय सुविधा सम्पन्न कवर्डहल र एक रंगशाला निर्माण गरिने
- आगामी पाँच वर्षभित्र आधारभूत स्वास्थ्यसेवा निशुल्क गरिने
- प्रसुति हुन एम्बुलेन्स सेवा नगरभित्र, जिल्ला र रुपन्देही सम्म निशुल्क गरिने
- औद्योगिक ग्रामको स्थापना र आद्यौगिक पूवार्धारको विकास गरिने
- कृषि उपज संकलन केन्द्र स्थापना र चिस्यान केन्द्र संचालन गरिने
- हिलपार्क, बसपार्क, अटो भिलेज र पार्किङ स्थल निर्माण,
- खरको छाना रहित नगरपालिका बनाउने अभियान पुरा गरिने छ
- भुमिहिन सुकुम्बासी, अव्यवस्थित र विगतमा पुर्जा वितरण भएका जग्गा सम्बन्धि समस्या समाधान गरिनेछ
- निर्माणाधिन प्रशासकीय भवन निर्माण सम्पन्न गरि नगरको कार्यालय संचालन गरिने
- सेवाग्राही प्रति जिम्मेवार उत्तरदायी, पारदर्शी, सक्षम र प्रविधिमैत्री कर्मचारी संयन्त्रको विकास गरिने
- बिद्यालयका बाल शिक्षिका, कर्मचारी, बालमैत्री र स्वास्थ्य स्वयंसेविकाको मासीक पारिश्रमिक वृद्धि गरिएको छ।
- सुनवलसंग मिल्दा जुल्दा स्वदेशी र विदेशी नगरहरुसंग भगिनी सम्बन्ध स्थापीत गरिने छ
- न्यायीक समितिद्धारा न्याय सम्पादन निश्पक्ष, विश्वस्निय छिटो पारदर्शि र सर्वशुलभ बनाईने
- एक वन एक बाटिकाः एक वन एक उद्यम कायक्रम संचालन गरिने
- ग्रीन सुनवल क्लीन सुनवल कार्यक्रम संचालन गरि ५ वर्ष भित्र बातावरणमैत्री नगर निर्माण
- समृद्धिका लागि वन कार्यक्र
- प्रधानमन्त्री रोजगार कार्यक्रम,
- गरीवि निवारणका लागि लघुउद्यम कार्यक्रम
- सुरक्षित आप्रवासन कार्यक्रम
- संघ प्रदेश समपूरक, विषेश,सर्सत, तथा अन्तर सरकार समन्वयका कार्यक्रम
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम आदि

- हाल सम्म उक्त वजेट को आम्दानि तर्फ ५३ प्रतिशत तथा खर्च तर्फ ३४ प्रतिशत प्रगति भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा प्रशासनिक तथा विकाशात्म गतिविधिलाई दूर्तता दिने विगतका प्रयासहरुलाई न्यूनिकरण गर्ने हाम्रो प्रतिवद्धतालाई मूर्तरुप दिन आगामी दिनमा स्वीकृत नीति कार्यक्रम र बजेट कार्यान्वयनमा सिघ्रता ल्याउन सवै सभासद्ज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

  आदरणीय सभासद् ज्यू ,

  अव म हामीहरुले स्वीकृत गरेको नीति कार्यक्रम र वजेटको हालसम्मको क्षेत्रगत प्रगतिको अवस्था प्रस्तुत गर्दछु।

## क्षेत्रगत प्रगति अवस्था

### **१) सुशासन तथा सस्थागत विकास**

- नागरिक लाई प्रत्यक्ष लाभ र सुविधा दिने उदेश्यले नगर र सबै वडा कार्यालयहरुमा नागरिक सहायता कक्षको व्यवस्था गरि सेवाग्राहीहरुलाई नगर र वडा कार्यालयमा आवश्यक पर्ने फोटोकपी र निवेदन निशुल्क गरेका छौ जसका लागि सबै वडा कार्यालयमा फोटोकपी मेसीन हस्तान्तरण गरिएको छ ।
- कार्यालयका सवारी साधन र उपकरणहरुको व्यवस्थीत संचालन रेखदेख र मर्मत संभारमा सहजिकरणका लागि जनप्रतिनिधिको संयन्त्र बनाई जिम्मेवारी दिईएको छ ।
- आन्तरिक आय वृद्धि र प्राकृतिक श्रोतको संरक्षण र सदुपयोगका लागि सरोकारवालाहरुसंग छलफल
- प्राकृतिक साधन र श्रोतको संरक्षण, नदि जन्य वस्तुको चोरी नियन्त्रणका लागि सबै संयन्त्रहरु परिचालन गरिएको छ ।
- विभिन्न मन्त्रालय , विभाग, र दातृ निकाय, संघसंस्थाहरुसंग समन्वय र सहकार्यको आधार तयार गरिएको छ ।
- सामी परियोजना नगरबाटै संचालन गर्ने निर्णय गरी प्रक्रिया अगाडी वढाईको छ ।
- नगर क्षेत्रका विभिन्न योजना आयोजनाहरुको नियमित अनुगमन निरिक्षण गरिएको छ ।
- नियमित रुपमा सबै वडा कार्यालयहरुबाट घटना दर्ता सम्बन्धी कार्य सम्पादन भईरहेको छ ।
- नियमित रुपमा सबै वडा कार्यालयहरुबाट सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राहीहरुको नविकरण तथा नयाँ दर्ताको काम सम्पादन भईरहेको छ ।
- नियमित रुपमा सबै वडा कार्यालय मार्फत हुने सबै सिफारीसको कार्य सम्पादन भईरहेको ।
- नगरपालिकाका विभिन्न सूचना, जानकारी लगायतका कार्यक्रमहरु सुनवल नगरपालिकाको फेसबुक पेज हेलो सुनवल, मोबाईल एप र सुनवल नगरपालिकाको वेभ साईट मार्फत सार्वजनिक गरिएको छ ।
- आन्तरिक नियन्त्रणका लागि सबै शाखा तथा उपशाखामा सिसिटिभि क्यामेरा जडान गरी नियमित निगरानी गरिएको ।

- सुनवल नगरपालिकाको आयोजना तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा संघीयता कार्यान्वयन सहजिकरण सम्बन्धी जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखिकरण गरी सुशासन प्रवद्धनका लागि कार्यक्रम संचालन गरिएको छ ।
- ६ वडा कार्यालय निर्माण गर्ने निर्णय वमोजिम हाल ३ वडाकार्यालय निमार्णको अन्तिम चरणमा पुगेका छन् ।
- नगरपालिकाको प्रशासकीय भवन निमार्ण अन्तिम चरणमा पुगेको छ ।
- ३ आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको वोलपत्र प्रकाशनको चरणमा छन्
- नियमित वडा तथा स्वास्थ्य कार्यालय अनुगमन गरी निरन्तर सुधारको प्रणालिलाई सस्थागत गरिएको छ ।
- प्रशासनिक तथा विकासात्मक गतिविधिलाई नागरिकमैत्री तथा कम खर्चिलो वनाउन विगतमा ७४ कानूनको निर्माण भई कार्यान्वयनमा ल्याइएकोमा यस अवधिमा तपसिलको कानून निर्माण र स्वीकृत गरी कार्यसरलीकरण प्रक्रियालाई प्रथमिकता दिइएको छ ।

**तपसिल**

क. टोल विकास संस्था सञ्चालन कार्यविधि २०७९

ख. लेखा समिति सञ्चालन कार्यविधि २०७९

ग. विषयगत समिति सञ्चालन कार्यविधि २०७९

घ. आकस्मिक कोष सञ्चालन कार्यविधि २०७९

ङ. विपद्‌कोष सञ्चालन कार्यविधि २०७९

च. नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि २०७९

छ. उपमेयर आवास विहिन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

ज. बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९

झ. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७९

ञ. महिला संग मेयर कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

स्थानीय सरकारको सेवाप्रवाहलाई नागरिकमैत्री,जनउत्तरदायी, प्रतिस्पर्धि तथा स्वीकृत सूचक तथा मापदण्डको आधारमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकामा छुट्टै एक मूल्यांकन शाखा गठन गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।स्थानीय तह सस्थागत क्षेमता स्वमूल्याकन LISA आ.व.२०७८/७९ को समग्र हाम्रा प्रशासनि, विकासात्क तथा अन्तरनिकाय समन्वयका गतिविधि मूल्यांकनमा देहायका विषय क्षेत्रमा देहायको नतिजा प्राप्त भएको छ ।

| क.स. | विषय क्षेत्र | अंक भार | प्राप्त नतिजा |
|---|---|---|---|
| १ | शसकीय प्रवन्ध | ९ | ८ |
| २ | संगठन तथा व्यवस्थापन | ८ | ४.५ |
| ३ | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ६ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ८ |
| ५ | सेवा प्रवाह | १६ | ११ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६ |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.२५ |
| ८ | सामाजिक समावेशिकरण | १० | ५ |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६.५ |
| १० | सहकार्य र समन्वय | ६ | ६ |
| ११ | जम्मा | १०० | ७१.२५ |

सुनवल नगरपालिकाको आ.व. २०७८/२०७९ को वित्तिय सुशासन जोखिम मूल्यांकनको मूल्यांकन गर्दा ८१.५ प्रतिशत नतिजा प्राप्त भएको छ । यसरी दुबै मूल्यांकनमा उत्कृष्ट नतिजा प्राप्त भएकोले उक्त नतिजालाई चिरस्थायी बनाउन आवश्यक देखिन्छ ।

प्रकृतिक स्रोत तथा वित्तिय आयोगको समानिकरण अनुदान हस्तान्तरण सूचक आ.व. २०७८/७९ को मूल्याङनमा सुनवल नगरपालिकाको १०० अंक भारमा ५७.३६ प्राप्त भएको छ । यसरी हेर्दा सुनवल नगरपालिका जिल्लाको चौथो स्थानमा रहेको हुँदा आगामी दिनहरुका सम्बन्धित सूचक पुरा गर्ने  कार्य गम्भिरताका साथ गर्नुपर्ने देखिन्छ ।

## २) पूर्वाधार विकास

- स्वीकृत योजना तथा कार्यक्रम मध्ये नगरस्तरीय योजना संख्य ६७ वटा  तथा वडास्तरीय योजना संख्या ३९८ गरी जम्मा योजन संख्या ४६५  भएकोमा सडक निर्माण तर्फ पीच तथा कन्द्र प्रदेशका समपुरक तथा विषेश योजनाहरु मध्ये ८० प्रतिशत योजना  वोलपत्र स्वीकृत भइ कार्यान्वयन भइ रहेका , ४४३ वटा योजनाहरुको लागत अनुमान तयार भई ३२४  योजना सम्झौता भएका र  ९८ योजनाको भुक्तानी समेत भइको तथा ठूला योजनाहरुमा नियमानुसार प्रथम तथा दोस्रो रनिङ्ग विल समेत भुक्तानी भएको अवस्था छ । हाल  वडा कार्यालयबाट योजना सम्झौतागर्ने  कार्यको थालनी भएको हुँदा योजन सम्पन्न गर्ने कार्यमा शीघ्रता आउने देखिन्छ ।

- गत आ.व. मा विनियोजन भएका पूर्वाधारजन्य योजना तथा कार्यक्रमहरु सम्पन्न भएका तथा अधुरा बहुवर्षिय योजना तथा कार्यक्रमहरुका लागि चालु आ.व. मा समेत बजेटको व्यवस्था गरि सम्पन्नताको चरणमा रहेका छन् ।
- भौतिक निर्माण तर्फ सुरक्षित आवास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, उपमेयर आवास विहिन कार्यक्रम ,स्थानीय जनताको लागतसहभागिता ३०/७० कार्यक्रमहरु कार्यान्वयनको चरणमा छन् ।
- भवन तथा वस्ति विकास तर्फ हाल सम्म इजाजत ७ सम्पन्न १ अभिलेखिकरण ११२ संरचनाहरुको कार्य भएको छ ,। यसरी प्राप्त तथ्यांक विश्लेषण गर्दा हाम्रो पूर्व निर्णय अनिवार्य नक्शा पास गरी भवन निर्माण कार्य गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ ।
- पूर्वाधार विकास , भवन तथा वस्ति विकास लाई थप प्रभावकारी वनाउन नगरयातायात गुरुयोजना निर्माण, भू उपयोग योजना निर्माण, र भू संवेदनशिल योजना निर्माण प्रक्रिया सुरु गरिएको छ ।
- नगरको भौतिक,सामाजिक,आर्थिक,वातावरणीय तथा समग्र विकासलाई पूर्व अनुमानयोग्य बनाउन आवधिक योजनामा उल्लेखित स्वीकृत योजना वैंकवाटमात्र कार्यप्रक्रिया वढाउन थालनी गरिएको छ ।
- पर्यटन पूर्वाधार विकासको लागि सुनवल सर्किटको परिकल्पना गरि सर्किट भित्र समग्र पर्यटन विकासमा लगानी वृद्धि गर्ने कार्यको थालनी गरिएको छ ।

**३) सामाजिक विकास**

- नगरको खानेपानीको वर्तमान अवस्थाको विस्तृत अध्ययन गरि महिनामा ५ हजार लिटर सम्म पानी प्रयोग गर्ने नगरवासीलाई २०७९ श्रावण १ गतेदेखि पानी महशुल छुटगर्ने निर्णय कार्यान्वयन गरिएको छ ।
- मृगौला रोगीको उपचारका लागि गौतम बुद्ध मुटु अस्पताल बुटवलसंगको सहकार्यमा सुनवलमा मृगौला डायलाईसिस सेन्टर संचालनको सम्झौता गर्ने काम प्रारम्भ चरणमा छ ।
- यस अवधीमा मृगौला तथा क्यान्सर पीडित नागरिकलाई नेपाल सरकारले तोकेको रु ५००० मासिक यातायात खर्च भुक्तानी, मोतियाविन्दू सल्यक्रियामा नगपालिकाको लागत सहभागिता सम्झौता भई कार्यारम्भ गरिएको छ ।
- नगरका जेष्ठ नागरिकहरुको घरदैलोमै गई स्वास्थ्य परिक्षण र औषधि उपचार गर्ने कार्य शुरु गरिएको छ ।
- सुनवल नगरपालिका वडा नं. ११ स्थित बाबा बर्दगोरिया धाम तुल्सीराम संस्कृत गुरुकुल विद्यालय स्थापना भएको छ ।
- सुनवल नगरपालिका स्थित सबै विद्यालयहरुको स्थलगत अनुगमन निरीक्षण गरी विद्यार्थीहरुले खाने दिवा खाजाको गुणस्तर सुधारका लागि निर्देशन दिईएको छ ।
- विभिन्न अभिमुखिकरण कार्यक्रम संचालन गरी चालु आ.व. को नीति तथा कार्यक्रम अनुरुप कार्यक्रम संचालनका लागि आधार तयार गरिएको छ ।
- आर्थिक रुपमा कमजोर भएका विपन्न नागरिकहरु तथा बालबालिकाहरुलाई आर्थिक सहयोगको व्यवस्था गरिएको छ ।
- अपांग, जेष्ठ नागरिक परिचयपत्र वितरणकार्यमा शिघ्रता ल्याइएको छ ।

- पञ्जिकरण तर्फ समाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानि, घटना दर्ता कार्य नियमित सञ्चालनमा ल्याइएको छ ।

**४) आर्थिक विकास**

- शितभण्डार निर्माण सम्पन्न गरी संचालनमा ल्याउन प्रकृया अगाडि बढाईएको छ ।
- कृषिलाई व्यवसायीकरण गर्ने र पढ्दै कमाउदै कार्यक्रम संचलानका लागि पुर्व तयारी स्वरुप अभिमुखिकरण सम्पन गरि योजना निर्माण प्रक्रिया अगाडी वढेको छ ।
- नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन बाँझो जमिनमा खेति गर्न मन्त्रालयसंगको सहकार्यमा कार्य अगाडि बढाईएको छ ।
- पशु सेवा स्वास्थ्य उपचार, कृषि तर्फ विउ विजन वितरण ,माटो उपचार शिविर, पकेट जोनका कार्यक्रम सञ्चालन
- सहकारी दर्ता व्यवसाय दर्ता ,नविकरण निरन्तर सञ्चालन
- दिवस समारोह मनाउने तथा सरोकारवाला विच लैंगिक वहस कार्यत्रक्रम सम्पन

**५) वनवातावरण तथाविपद् व्यवस्थापन**

- बर्षौदेखि पानी निकासको उपयुक्त व्यवस्था नभएका कारण  डुवानमा परेका बस्तीहरुमा नगरपालिकाका साधनहरु प्रयोग गरि न्यूनतम खर्चमा पानी निकासको व्यवस्था मिलाई डुवानबाट वचाईएको छ ।
- नदि नियन्त्रणको समस्या तत्काल समाधानका लागि अति जोखिम भएका स्थानहरुको पहिचान गरी भर्लावास खोला, पानभार खोला, भुमही खोला लगायतका खोलाहरुमा डाइभरसन (नदिको वहाव परिवर्तन) गरिएकोछ  ।
- प्रकोप व्यवस्थापन कोष परिचालन , विपद् तथा संकटापन्न क्षेत्रहरुको पहिचान तथा योजना कार्यान्वियन

आदरणीय सभासद्ज्यूहरु

माथि उल्लेखित कार्यसम्पादनबाट प्राप्त तथ्यांकीय उपलव्धीहरुलाई यस गरिमामय सभामा प्रस्तुतिको लागि अनुमति चाहान्छु ,

## ६) प्राप्त उपलव्धीहरु

- **भौतिकपूवाधार तर्फ**

सडक

सडक कालोपत्रे ८४५ मिटर

सडक ग्रावेल २८४३ मिटर

सडक नाली ५८६७ मिटर

सडक पी.सी.सी. २४५.९ मिटर

सडक कालोपत्रे मर्मत १२५ मिटर

कल्भर्ट ६ वटा

सार्वजनिक भवन १३ वटा

मठ/मन्दिर १२ वटा

| | |
|---|---|
| विद्यालय भवन निर्माण/ मर्मत | १५ वटा |
| खानेपानी योजना | ७ वटा |
| खेलकूद मैदान | २ वटा |
| तटबन्ध | १४३.५ मिटर |
| सिंचाई | ६ वटा |
| सडक वत्ति | ९५ वटा |
| विद्यालय फर्निचर | १२८ वटा |
| जग्गा संरक्षण तारवार | ३२० मिटर |

इन्टरनेट सेवा विस्तार ५ वटा

- वैठक कार्यप्रणाली

  कार्यपालिका वैठक - ७

  कर्मचारी वैठक - १०

  १३ वडामा वडा समित वैठक - १९५

  १३ वडामा अनुगमन समितिको वैठक - १३

  १३ वडामा र्‍यापिड रेस्पोन्स टिमको वैठक- १३

  नगरपालिकामा प्रोवोलम सुटिङ्ग टिमको वैठक - ४

  विषयगत समिति वैठकहरु

१) सुशासनतथा सस्थागतविकास - ५

२) पूर्वाधार विकास - ६

३) सामाजिकविकास - २

४) आर्थिक विकास - ३

५) वनवातावरण तथा विपद् व्यवस्थापन - ४

६) राजश्व परामर्श समिति - ७

७) न्यायिक समित - ५

८) लेखा समित - ४

९) अनुगमन समिति - १

अन्य निकायहरुसंग समन्वय(नगर प्रमुख, नगर उपप्रमुख,प्रमुख प्रशासकीय अधिकृत,विषयगत समितिका संयोजक तथा विषयगत शाखा प्रमुखहरुको सम्लग्नता)

केन्द्र सरकारसंग कार्यक्रम ७ पटक

प्रदेश सरकारसंग कार्यक्रम १० पटक

विषयगत मन्त्रालयहरुसंग कार्यक्रम १३ पटक

जिल्ला समन्वय समितिसंग कार्यक्रम ५ पटक

विभिन्न संघ ,सस्था तथा दातृनिकायका प्रतिनिधिहरुसंग कार्यक्रम ११ पटक

➢ **अभियानमुखि कार्यक्रम**

**१) शिक्षा तर्फ**

विद्यालय अनुगमन तथा निरीक्षण ३८,विद्यालय व्यवस्थापन समिति गठन ७,प्रधानाध्यापक वैठक ४,विद्यालय व्यवस्थापन समिति अध्यक्ष वैठक ५ ,तथ्यांक अपडेट ४८,त्रैमासिक परीक्षा सञ्चालन( सामुदायिक विद्यालयहरुको मात्र) ३ रहेको छ ।

**२) महिला वालवालिका तर्फ**

९ वटा अभियानमुखि कार्यक्रम सञ्चालन हुदाँ ९०४ जना सरोकारवालहरुको सहभागित भएको । परिचय पत्र वितरण अपाङ्ग तर्फ क बर्ग ८ जना,ख वगै २५ जना,ग वर्ग ६ जना र जेष्ठ नागरिक तर्फ १८ जनालाई परिचय पत्र वितरण गरिएको छ ।

**३) घरेलु तथा साना उद्योग तर्फ :**

बाणिज्य तर्फ फार्म दर्ता २१ उद्योग तर्फ फार्म दर्ता ३१ उद्योग नविकरण २४, बाणिज्य तर्फ नविकरण ५६ तथा मेडपा तर्फ १२० जना नया उद्यमी सृजना भएका छन् ।

**४) कृषि सेवा तर्फ**

च्याउ प्रवर्धन कार्यक्रममा ३५००प्याकेट(४०० ग्राम प्रति प्याकेट) विउ तथा प्लाष्टिक वितरण गरिएको, माटो परीक्षण तर्फ २२६ माटोको नमूना परीक्षण गरिएको ,खाद्यान्न वालीको उन्नत विउ उपयोगमा अनुदान अन्तरगत २४.३ मेट्रिक टन उन्नत जातको गहुँको विउ माग अनुरुप वितरण गरिएको ,तरकारी वाली मिनिकिट २५ जना महिला कृषकलाई वितरण गरिएको रासायनिक मल व्यवस्थापन अन्तरगत २२७.४९ मे. टन युरिया, ८५.४ मे.टन डि.ए.पि. मल इजाजत प्राप्त १४ वटा सहकारी मार्फत वितरण व्यवस्थापन गरिएको सुनवलको कृषि क्याम्पसमा सरोकारवालाको सहभागितामा पढदै कमाउदै कार्यक्रम सञ्चालन गरिएको सुनवल ९ मा नमूना कृषि फार्म निर्माणमा प्रदेस सरकारको लागत सहभागितमा कार्यक्रम सञ्चालन भएको ।

**५) पशु सेवा तर्फ**

कृत्रिम गर्भाधान सेवा २०३८,पशु उपचार सेवा १०७३,प्रयोगशाला सेवा ९८४,परजिवि नियन्त्रण सेवा ३१८९ ,खोप सेवा २४९४८, पशुआहारा विकास कार्यक्रम ११९८ के.जी.,पशु फार्म दर्ता नविकरण १२१,पशुपालन समूह दर्ता ३ पशुमृत्यु प्रमाणित सिफारिस ११५ र अन्य सिफारिस १०३ भएको छ ।

**६)रोजगार सेवा तर्फः**

सामि परियोजनाको जनशक्ति व्यवस्थापन गरिएको छ ।सोही परियोजन अन्तरगत ७५ जनालाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रक अन्तरगत ७० जना वेरोजगार सूचीमा रहेका लाभग्राहीको छनौट भई कार्यक्रम सञ्चालनको चरणमा छ ।

**७) स्वास्थ्य सेवा तर्फ**

जुकाको औषधि वितरण १९३२० जना(विद्यार्थीहरु), भिटामिन ए तथा जुकाको औषधि वितरण (वच्चा) ५३५५ जना, ८ स्थानवाट नियमित खोप सञ्चालन, आँखाको अप्रशनका लाभग्रही ४६ जना, निशुल्क गर्भपतन सेवा सञ्चालन, जेष्ठ नागरिकको घरघरमा स्वास्थ्य सेवा १३८१ जना, स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिलाई यस अवधिमा संघ , प्रदेश र पालिकाको तर्फवाट १८ प्रकारका तालिम उपलव्ध गराइएको , यस अवधिमा विपन्न नागरिक औषधोपचार सिफरिस ५५ जना र विपद्‌मा परेका नागरिकहरु १५ जनालाई सहयोग गरिएको छ ।

**८) भूमि तर्फः**

भूमि आयोग स्थानीय सेवाकेन्द्र तर्फ भूमिहिन सुकुम्वासि ४१२, भूमिहिन दलित १७८, अव्यवस्थित बसोवास ४३५१ डाटा प्रविष्ट भएको, जग्गाको वर्गिकरण सम्वन्धी समितिको वैठक ११ पटक वसेको तथा नगरपालिकाको भू उपयोग योजना निर्माणको कार्य थालनी गरिएको ।

**९) घटनादर्ता पञ्किरण तर्फ :**

जन्म ९५० जना(पुरुष ५३६ ,महिला ४१४),मृत्यु २८४ जना(पुरुष १६५ ,महिला ११९), विवाह ४५६ जोडि , सम्वन्धविच्छेद ५० जना , वसाइसराइ तर्फ वसाइसाइ गरी आएको १३२४ जना र वसाइसराइ गरी गएको ५१९ जना दर्ता भएको देखिन्छ ।

**१०) सामाजिक सुरक्षा तर्फ :**

६८ वर्ष माथि जेष्ठ नागरिक ३४८० जना,६० वर्ष माथि दलित २९५ जना,६० वर्ष माथि एकल महिला ६३६ जना,विधुवा महिला ११८७ जना,पूर्ण अपाङ्ग ११९ जना,अति अशक्त अपाङ्ग ४०४ जना, ५ वर्ष मुनिका दलित बालबालिका४३२ जना,लोपउन्मुख जाति २० जना गरी जम्मा ६५७३ जना लाभग्राही सामाजिक सुरक्षा कार्यक्रममा सहभागि भएको पाइन्छ ।

**११) पर्यटन प्रवर्द्धन तर्फ :**

महल पोखरीमा १५७ सरोकारवालको सहभागितमा सुनवल सर्किट निर्माण तथा आन्कतरिक पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ,तारागाँउ विकास समितिको संयोजनमा महलपोखरिमा ३० जनालाई होमस्टे सञ्चालन सम्वन्धि ४ दिने तालिम सञ्चालन भएको , तिलकानामा नमूना वस्ति विकास तथा होमस्टे सञ्चालन सम्वन्धि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

**१२) सस्कृति संरक्षण तर्फ :**

वाग्मय प्रतिष्ठानको समन्वयमा कवि गोष्टि सम्पन्न भएको छ विभिन्न समूदायहरुबाट आ-आफ्ना समूदाय केन्द्रीत पर्वहरु मनाइएको छ ।

**१३) न्यायीक कार्यसम्पादन तर्फ :**

१) विवादका पक्षहरुले कम खर्चमा छिटो सेवा प्राप्त गरेका छन् ।

२) धेरै जसो विवादहरु मेलमिलापको माध्यामबाट समाधान भएकाले पक्षहरुको मेलमिलाप दिगो बनेको छ ।

३) मेलमिलापबाट वा न्यायिक समितिबाट निरुपण भएका विवादहरुको पुनः दोहेरीएर अदालत जाने वा पुनरावेदन गर्ने हाल सम्म भएको छैन ।

४) हाल सम्म न्यायिक समितिमा ४९३ विवाद दर्ता भएकोमा न्यायिक समितिबाट ४२ र मेलमिलापको प्रक्रियाबाट ४२६ निरुपण भएका छन् । भने २५ डिसमिस भएको रेकर्डमाबाट देखिएको छ।

५) सुनवल नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादनको आधारलाई मुल्याङ्कन गरी मेलमिलाप समाज नेपालद्वरा नगद रु. १००००। (दश हजार) सहित प्रमाण पत्रद्वरा पुरस्कृत भएको छ ।

६) चालु बर्षको हाल सम्म ३१ वटा दर्ता भएका छन भने मेलमिलापको माध्यामबाट १५ बटा विवाद समाधान भएका छन र अदालतमा २ डिसमिस ५ र प्रक्रियामा ९ रहेका छन् ।

७) दर्ता भएका विवाद समाधान गर्न ८२ जना मेलमिलापकर्ता सूचिकृत भएकोमा हाल सक्रिय मेलमिलापकर्ताहरु ४७ जनाबाट सेवा प्रदान भएको हुँदा सेवाको पहुँच अझै बढाउनको लागि थप मेलमिलापकर्ता छनोट गरी आधारभुत र पुर्नताजगिय तालिम दिलाई मेलमिलापकर्तालाई सक्षम बनाई न्यायिक सेवालाई चुस्त दुरुस्त बनाईने छ ।

**१४) कर्मचारी व्यवस्थापन तर्फ**

हाल नगरपालिका तर्फ स्थायी ६५ जना,करार ८७ जना ,ज्यालादरी ३० जना, आयोजना परियोजना तर्फ करार १६ जना गरी जम्मा १९८ जना कर्मचारी कार्यरत रहेकोमा खालि दरवन्दीमा केही लोकसेवा माग गरिएको तथा केही स्थायी कर्मचारीको लागि सहमति प्रदान गरिएको छ । नगरपालिकाको आन्तरिक आयको अवस्था ,जनसंख्या, सेवाको चाँप लाई मध्यनजर गरी नारपालिकाको संगठनात्मक संरचनाको अध्ययन गरी दरवन्दी मिलान गरिने छ ।

**७) नगरपालिकाको आगामी कार्य दिशा :**

सुनवल नगरपालिकाका समग्र नागरिकहरुको समृद्धि तथा समुन्नतिको लागि हामीहरुले स्वीकृत गरेको आवधिक विकास योजनालाई आधारमानि नगरपालिकाका गौरवका योजना कार्यान्वयमा ल्याइने छ तथा समग्र नगरपालिकाको भौतिक तथा समाजिक विकासको लागि सुनवल सर्किट निर्माण गरी अन्तर निकाय लगानी वृद्धि गरी कार्यान्वयनमा ल्याइनुका साथै नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिका बनाउन टोल विकास संस्था मार्फत अभियान सञ्चालन गरिने छ । नगरपालिका भत्रि फोहरमैला व्यवस्थापन उद्योगको स्थापनाको साथै उद्योगिक ग्राम सञ्चालन गरिने छ । नगरपालिकाको सडक यातायात गरुयोजना निर्माण गरी नगर पहुच मार्ग, नगर रिङ्गरोड आदिको स्तरोन्नतिका साथै १३ वटा वडा कार्यालय,१३ वटा आधारभूत स्वास्थ्य केन्द्र,नगर अस्पताल , ट्रमा सेन्टर निर्माण कार्यको थालनी तथा नगरको प्रशासकीय भवन निर्माण सम्पन्न गरी आफ्नै कार्यालयबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । भूमिको वर्गिकरण,सुकुम्वासि समस्या समाधान जस्ता भूमि प्रशासन सम्वन्धि कार्यलाई संघ र प्रदेश सरकारको समन्वयमा सम्पन्न गरिने छ । नगरको समग्र विकासको लागि १ वडा १ गौरवको योजना तथा आफ्नै वडा आफ्नै विशेष पहिचान अभियान सञ्चालन गरी नगरको पहिचानमा आधारस्तम्भ तयार गरिने छ ।उल्लेखित कार्य सम्पन्न गर्नका साथै नगरको समग्र विकासका लागि सुनवल नगरपालिकाको पाँच वर्षे दीर्घकालिन सोच कार्यान्वयनमा ल्याइने छ

अन्त्यमा,

समाज सञ्चालन राजनीतिक दल , नागरिक क्षेत्र तथा कार्मचारी वर्गको त्रीकोणात्मक समन्वयबाट हुने हुदा एक पक्षीय प्रयासबाट गन्तव्यमा पुग्न सकिदैन राजनीति नीति निर्माता तथा नीतिको संरक्षक बन्नु पर्छ कर्मचारीतन्त्र नीति कार्यान्वयन कर्ता तथा विधि कार्यान्वयन कर्ता बन्नु पर्छ तथा समग्र नागरिक क्षेत्र अनुगमन कर्ताको साथै सम्वृद्धि तथा समुन्नतिको संरक्षक बन्न सकेमा अधिकारमा आधारित विकास तथा समावेशि तथा समानुपातिक विकासको लक्ष्य प्राप्ति भई नागरिकहरुको खुशियाली वृद्धि भइ हाम्रा सपना तथा जनताका भावना पुरा भई समग्रमा सुशासन कायम गर्न सकिने भएको हुदा हाम्रो साझा अधियान प्रभावकारी सेवाप्रवाह, पारदर्शिता जवाफदेहिता सहितको सुशासन तथा स्थानीय समावेशि विकासको माध्यमवाट समृद्धि प्राप्त गरी समग्र समुन्नतिको यात्रा तय गर्ने भएकोले यो समग्र समुन्नतिका यात्रामा सवै पक्षको सहयोग सुझाव तथा सहयात्राको अपेक्षा सहित हाल सम्म यो पुनित कार्यमा सहयोग गर्नुहुने समग्र राजनीतिक क्षेत्र, नागरिक क्षेत्र,सम्पूर्ण पूर्व जनप्रतिनिधिहरु तथा वर्तमान सवै जनप्रतिनिधिहरु र समग्र कर्मचारी वर्गमा हार्दिक धन्यवाद दिदै निरन्तर सहयोग सल्लाह तथा सुझावको अपेक्षा सहित विदा चाहान्छु ।

**धन्यवाद**